आज मिति २०८० साल असार ०८ गते शुक्रबारका दिन गाउँपालिकाका अध्यक्ष श्री प्रेम बहादुर भुजेलज्यूको अध्यक्षतामा देहायका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको वैठक वसी निम्न प्रस्ताव माथि छलफल गरी निर्णय गरियो।

**आ.व. ०७९।८०  वैठक सङ्ख्याः१६  समयः ७:०० बजे  स्थानः गाउँपालिका भवन**

| क्र.स | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रेम बहादुर भुजेल | |
| २ | उपाध्यक्ष | श्री जितेन्द्रमान तामाङ | |
| ३ | सदस्य | श्री लेख बहादुर श्रेष्ठ | |
| ४ | सदस्य | श्री सुजन भण्डारी | |
| ५ | सदस्य | श्री ज्ञान वहादुर तामाङ | |
| ६ | सदस्य | श्री लोक बहादुर कुँवर | |
| ७ | सदस्य | श्री अञ्चल कुमार लामा | |
| ८ | सदस्य | श्री भरत बहादुर शिवभक्ती | |
| ९ | सदस्य | श्री रमेश राज खरेल | |
| १० | सदस्य | श्री मोतिलाल तामाङ | |
| ११ | सदस्य | श्री दल बहादुर तामाङ | |
| १२ | सदस्य | श्री केसर मान लामा | |
| १३ | सदस्य | श्री कल्पना पहरी | |
| १४ | सदस्य | श्री कुमारी विश्वकर्मा | कुमारी |
| १५ | सदस्य | श्री चमेली परियार | चमेली |
| १६ | सदस्य | श्री शान्ती ठकुरी | शान्ती |
| १७ | सदस्य | श्री सुलभ पहरी | |
| १८ | सदस्य | श्री विष्णु बहादुर पहरी | विष्णु |
| १९ | सचिव | श्री विष्णु प्रसाद सुवेदी | |

सहजकर्ता कर्मचारीः

१. रुपक अधिकारी

२. यज्न कुमार बस्नेत

सहयोगी कर्मचारीः

१. रेशम बहादुर खत्री

CamScanner

प्रमाणित



प्रस्तावहरुः

**प्रस्ताव न. १ : विगत बैठकको समीक्षा सम्बन्धमा**

निर्णय न.१: प्रस्ताव न. १ माथि छलफल गर्दा यस अघि मिति २०८०।०२।१० गते बसेको कार्यापालिकाको वैठकको निर्णय समिक्षा गरियो ।

**प्रस्ताव न. २ : प्राप्त परिपत्र सम्बन्धमा**

निर्णय न. २: प्रस्ताव न. २ माथि छलफल गर्दा संघ , प्रदेश तथा अन्य निकायवाट प्राप्त परिपत्रहरु वैठकलाई जानकारी गराइयो ।

**प्रस्ताव न. ३ : आ.व. २०८०।०८१ को नीति योजना, कार्यक्रम तथा बजेट सम्बन्धमा**

क) आर्थिक वर्ष २०८०।०८१ को आर्थिक ऐन,२०८० लाई अनुमोदनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

आ.व २०७९।८० मा पारित भएको आर्थिक ऐनका अनुसूचीहरु देहाय बमोजिम संशोधन गर्नका लागि गाउँसभामा सिफारिस गर्ने निर्णय गरियो ।

**अनुसूची-२ मा तपशिल बमोजिम संशोधन गर्न सिफारिस गर्ने निर्णय गरियो**

| क.स | राजस्व शिर्षक | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | भूमिकर (मालपोत) | प्रतिरोपनी | रु.१० | २० रोपनी सम्म |
| | | प्रतिरोपनी | रु.२० | २० देखी- ५० रोपनी सम्म |
| | | प्रतिरोपनी | रु.३० | ५० रोपनी भन्दा माथि |
| २ | भूमिकर (मालपोत) | प्रतिरोपती | रु.१० | वडा न.७ फलाँटे र वडा न. ८ भुम्लुटारमा क्षेत्रफल यकिन नभएका जग्गाको हकमा |

नोटः प्रत्येक आ.व. को पहिलो चौमासिक भित्र मालपोत बुझाउन आउनेलाई १० प्रतिशत छुटको व्यवस्था गरिनेछ तर समयमा मालपोत नबुझाउनेलाई ५० प्रतिशत जरिवाना गरिनेछ ।

अनुसूची -३ मा पहिले निर्धारण गरिएको दर यथावत राख्दै तपशिल बमोजिम थप गर्न सिफारिस गर्ने निर्णय गरियो ।

| क.स | राजश्व शिर्षक | इकाई | दर |
|---|---|---|---|
| १ | जग्गा वहाल कर | मासिक वहाल | १० प्रतिशत |

अनुसूची -४ मा पहिले भएको दररेटलाई यथावत राख्दै तपशिल बमोजिम संशोधन गर्न सिफारिस गर्ने निर्णय गरियो ।

| क.स | राजस्व शिर्षक | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | बैङ्क तथा वित्तिय संस्थाक लागि व्यवसाय कर | | | |
| | | क श्रेणीको वैङ्क | रु.१०,०००। | |
| | | ख श्रेणीको वैङ्क | रु.८,०००।- | |
| | | ग श्रेणीको बैङ्क | रु.७,०००।- | |
| | | घ श्रेणीको बैङ्क | रु.६,०००।- | |
| | | अन्य वित्तिय संस्था | रु.५,०००।- | |
| २ | पोल्ट्रि फर्म | ५००भन्दा कमको क्षमता | रु.१०००।- | |
| | | ५००-१००० सम्म | रु.२,५००।- | |
| | | १०००-३००० सम्म | रु.५,०००।- | |
| | | ३००० भन्दा माथि | रु.१०,०००। | |

अनुसूची-५ मा पहिले भएको दररेटलाई यथावत राख्दै तपशिल बमोजिम संशोधन गर्न सिफारिस गर्ने निर्णय गरियो ।

| क.स | राजश्व शिर्षक | बस्तु | इकाई | दर |
|---|---|---|---|---|
| १ | जडीबुडी तथा जिवजन्तु कर | बुद्धचित्त | के.जी | रु.१००।- |

अनुसूची-६ मा पहिले भएको दररेटलाई यथावत राख्दै भित्ते लेखनको लागि तोकिएको दर हटाउने गरी संशोधन गर्न सिफारिस गर्ने निर्णय गरियो ।

अनुसूची - ७ मा तपशिल बमोजिम संशोधन गर्न सिफारिस गर्ने निर्णय गरियो ।

| क.स | राजस्व शिर्षक | किसिम | इकाई | दर | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | बाहाल विटौली कर | सार्वजनिक जग्गामा रहेका कच्ची टहरा | प्रति वर्ग मिट | रु.१००।– प्रतिवर्ष | भुम्लु-८ र १० क दोलालघाट बजार क्षेत्र |
| | | सार्वजनिक जग्गामा रहेका कच्ची टहरा | प्रति वर्ग मिट | रु.५०।– प्रतिवर्ष | दोलालघाट बजार क्षेत्र बाहेक |
| | | सार्वजनिक जग्गामा रहेका पक्की टहरा | प्रति वर्ग मिट | रु.१५०।– प्रतिवर्ष | भुम्लु-८ र १० क दोलालघाट बजार क्षेत्र |
| | | सार्वजनिक जग्गामा रहेका कच्ची टहारा | प्रति वर्ग मिट | रु.७५।– प्रतिवर्ष | दोलालघाट बजार क्षेत्र बाहेक |
| | | सार्वजनिक जग्गामा बनेका घर | प्रति वर्ग मिट | रु.२००।– प्रतिवर्ष | भुम्लु-८ र १० क दोलालघाट वजार क्षेत्र |
| | | सार्वजनिक जग्गामा रहेका घर | प्रति वर्ग मिट | रु.१००।– प्रतिवर्ष | भुम्लु-८ र १० क दोलालघाट बजार क्षेत्र बाहेक |

नोट :

- कच्ची टहरा भन्नाले साधरण काठको/बाँसको खावा राखेको माथिबाट जस्ता पाता खर लगायतले छाएको अस्थायी टहरालाई बुझिनेछ ।
- पक्की टहरा भन्नाले फलामको ट्रस निर्माण गरिएको भुईलाई ढलान गरिएको र माथिबाट जस्तापाताले छाना छाइएको पक्की संरचनालाई बुझिनेछ ।
- ढुङ्गा माटो वा सिमेन्ट इट्टा लगायतका निर्माण सामाग्रीहरुको प्रयोग गरी निर्माण गरिएको पक्की संरचनालाई बुझिनेछ ।

अनुसूची – ८ मा भएको दररेटलाई भुम्लु गाउँपालिकाको गाउँसभाको १२ औं अधिवेशनबाट निर्धारण गरिएको दररेटलाई यथावत राख्ने गरी संशोधन गर्न सिफारिस गर्ने निर्णय गरियो ।

अनुसूची -१० मा पहिले भएको दररेटलाई यथावत राख्दै क्रम सङ्ख्या १ र २ को व्यवसाय दस्तुर र नविकरण दस्तुरलाई हटाउने निर्णय गरियो ।

अनुसूची -१२ मा भएको दररेटलाई भुम्लु गाउँपालिकाको गाउँसभाको १२ औं अधिवेशनबाट निर्धारण गरिएको दररेटलाई यथावत राखे गरी संशोधन गर्न सिफारिस गर्ने निर्णय गरियो ।

साथै भुम्लु गाउँपालिका वडा न. ८ र १० को बजार क्षेत्रमा प्रति घर धुरी रु.२०० र वजार क्षेत्रमा राखिएको टहराहरुको लागि प्रति टहरा रु.५००।– का दरले सरसफाई शुल्क लिनका लागि आर्थिक ऐन २०८० मा समावेश गर्नका लागि सिफारिस गर्ने निर्णय गरियो ।
गाउँपालिका, गाउँपालकाका विषयगत शाखा ,गाउँपालिका मातहतका स्वास्थ्य चौकी, विद्यालयहरु बाहेकका व्यक्ति तथा संस्थाहरुबाट गाउँपालिकाका हलहरु प्रयोग गरेबापत प्रति दिन रु.१०००।– का दरले हल प्रयोग शुल्क लिने निर्णय गरियो ।

साथै व्यवसाय दर्ताका लागि आवश्यक व्यवस्था वडा कार्यालयबाट नै गर्ने गरी आवश्यक व्यवस्था गर्ने निर्णय गरियो ।

गाउँपालिकाबाट निर्धारण भएको दर्ता शुल्क, मालपोत लगायतका करहरु नतिर्ने व्यक्ति तथा नागरिकहरुलाई गाउँपालिका तथा वडा कार्यालयबाट उपलब्ध गराइने सेवाहरु उपलब्ध गराइने छैन ।

ख) आर्थिक वर्ष २०८०।०८१ को विनयोजन ऐन,२०८० लाई अनुमोदनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।
आ.व. २०८०।०८१ को लागि तपशिल बमोजिम आय व्यय सिफारिस गाउँसभामा गर्ने निर्णय गरियो

| आय तर्फ | | व्यय तर्फ | |
|---|---|---|---|
| शिर्षक | प्राप्त भएको रकम | शिर्षक | विनियोजित रकम |
| संघीय सरकार | | वडा स्तरिय योजना | रु.३,५०,००,०००।- |
| समानिकरण अनुदान | रु.८,१६,००,०००।- | गाउँपालिका स्तरिय योजना | रु.२,५०,००,०००।- |
| सशर्त अनुदान | रु.२२,१७,००,००० | समपुरक योजनाको अंश | रु.१,३०,००,०००।- |
| विशेष अनुदान | रु.८०,००,०००।- | प्रशासनिक व्यय | रु.१४,५०,००,०००।- |
| समपूरक अनुदान | रु.८०,००,०००।- | अन्य सिर्जित दायित्व | रु.२,०५,००,०००।- |
| राजश्व बाँडफाँड | रु.७,४१,८२,६००।- | विषयगत शाखाहरु | रु.८,००,००,०००।- |

| | | | |
|---|---|---|---|
| प्रदेश सरकार | | सर्शत कार्यक्रम खर्च | रु.२६,८३,१८,०००।- |
| समानिकरण अनुदान | रु.७,६,६२,०००।- | | |
| सशर्त अनुदान | रु.१,७६,१८,०००।- | | |
| विशेष अनुदान | रु.८०,००,०००।- | | |
| समपूरक अनुदान | रु.५०,००,०००।- | | |
| राजश्व बाँडफाँड | रु.२,१३,९९,८०७।- | | |
| आन्तरिक आय | | | |
| गिट्टी, ढुङ्गा र बालुवा | रु.५,००,००,०००।- | | |
| अन्य राजश्व | रु.१,५०,००,०००।- | | |
| नगद मौज्दात | रु.१,५०,००,०००।- | | |
| घाटा पूर्ति | रु.५,३६,५५,५९३।- | | |
| जम्मा | रु.५८,६८,१८,००० | | रु.५८,६८,१८,०००।- |

ग) भूमि बैङ्क ऐन,२०८० पेश गर्ने सम्बन्धमा

भुमि बैङ्क ऐन निर्माण गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

घ) सार्वजनिक, निजी र गैरसरकारी साझेदारी ऐन, २०८० पेश गर्ने सम्बन्धमा

सार्वजनिक, निजी र गैरसरकारी साझेदारी ऐन तयार गरी गाउँसभमा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव न. ४ : गाउँसभामा पेश गर्ने प्रस्ताव सम्बन्धमा**

**क) आ.व ०७९।८० को खर्च अनुमोदन सम्बन्धमा**

चालु आ.व. २०७९।०८० को संघ, प्रदेशबाट प्राप्त समानिकरण, सर्शत, विशेष र समपुरक अनुदान, राजश्व वाँडफाँड तथा पालिकाको आन्तरिक आय र गत बर्षको मौज्दात रकम तथा अन्य निकायबाट प्राप्त अनुदानको रकम बाट विनियोजित बजेटको पुंजीगत तथा चालु खर्च , आर्थिक सहायता, प्रकोप व्यवस्थापन खर्च र कार्यापालिकबाट संशोधन भएका योजनाहरुको खर्चको अनुमोदनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

संशोधन गरिएका योजनाहरु

| क्र.स | योजनाको नाम | ठेगाना | संशोधित नाम |
|---|---|---|---|



CamScanner

| | | | |
|---|---|---|---|
| १ | साउने खोला बाँसबोट खेत कृषित सडक | भुम्लु-१ | डिईडाँडा देउराली गोरेटोबाटो मर्मत |
| २ | वडा न. ५ को एक घर एक धारा कार्यक्रमको बाँकी रकम | भुम्लु-१० | बुद्ध मुर्ति निर्माण भुम्लु १० |
| ३ | ५४ किलो नम्बरी डाँडा सडकको समपुरकमा विनियोजन भई बाँकी रक | भुम्लु-१० | सोहि सडकमा थप काम गर्ने |
| ४ | भुम्लु आधारभुत अस्पताल जाने सडव निर्माण समपुरक योजना | भुम्लु-७ | बाँकी रकमबाट सोहि स्थानमा थप काम गर्ने |

**ख) आ.व. ०७९।८० को निर्णय अनुमोदन सम्बन्धमा**

वडा कार्यालय,विषयगत शाखा, विषयगत समिति तथा अन्य समितिहरु, न्यायिक समिति, कार्यपालिका र गाउँपालिकाबाट सम्पादन भएका निर्णय तथा कार्यहरु अनुमोदनका लागि सभामा पेश गर्ने निर्णय गरियो ।

ग) न्यायिक समितिको प्रतिवेदन अनुमोदनका लागि पेश गर्ने सम्बन्धमा

आ.व. ०७९।०८० को न्यायिक समितिको कार्यसम्पादन प्रतिवेदन अनुमोदनका लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

घ) राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समितिहरु तथा गाउँपालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिको प्रतिवेदन अनुमोदनका लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

ङ) कृषि औजार सामाग्रीहरुको भुक्तानी गर्ने सम्बन्धमा

मिति २०७९।११।१८ गते बसेको कार्यपालिकाको बैठकको निर्णयबाट कृषि औजार सामाग्री खरिद गर्ने प्रयोजनका लागि अधिकतम दररेट निर्धारण भई खरिद भएको कृषि औजार सामाग्रीहरु कार्यपालिकाको मिति २०८०।०१।१३ गते बसेको बैठकको निर्णय वमोजिम वितरण भएकोले सो को भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखलाई निर्देशन गर्ने निर्णय अनुमोदनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

च) गाउँपालिकाको न्युनतमा दररेट पेश गर्ने सम्बन्धमा

यस गाउँपालिकाको आ.व ०८०।०८१ का लागि गाउँपालिका क्षेत्र भित्र लागू हुने गरी निर्माण सामाग्री, ज्याला, भाडा तथा अन्य सेवाको प्रयोजनका लागि तोकिएको न्युनतम दररेट अनुमोदनका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

छ) IEE को प्रारम्भिक प्रतिवेदन बमोजिम गिट्टी,ढुङ्गा र बालुवाको परिमाण यकिन गरी अनुमोदन गर्ने सम्बन्धमा

सुनकोशी र इन्द्रावती नदि बगरको आ.व. ०८०।०८१ को लागि गिट्टी, ढुङ्गा र बालुवाको वोलपत्र आह्वान गरी आन्तरिक श्रोत संकलन गर्ने प्रयोजनका लागि नदि किनारका पशुपति र आँपघाट बगरको IEE को प्रारम्भिक प्रतिवेदन बमोजिम निर्धारणभएको परिमाण तथा यस अघि तयार भएको IEE प्रतिवेदन बमोजिम वाधा बगर, आमथली बगर, पार्टी बगर, देउपाले बगर, काफ्लेका गर्तिला बगर, डडुवा बगरहरुको IEE प्रतिवेदनले निर्धारण गरेको परिमाण बमोजिम असार मसान्त भित्र विद्युतीय माध्यमबाट (E-Bid) गर्ने कार्यको अनुमोदनका लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

ज) कार्यपालिकालाई अधिकार प्रत्योजन गर्ने सम्बन्धमा

बजेट अधिवेशन पछि हिउँदे अधिवेशन अघि संघ, प्रदेश तथा अन्य निकायवाट कुनै प्रकारको बजेट प्राप्त भए तथा विद्यमान योजना कार्यक्रम तथा बजेट सामान्य संशोधन वा परिमार्जन गर्नुपर्ने भए सो गर्न कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गाउँ सभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव न. ५ : आर्थिक सहायता सम्बन्धमा

निर्णय न. ५: प्रस्ताव न.५ माथि छलफल गर्दा विभिन्न मितिमा वडा कार्यालयहरुवाट प्राप्त सिफारिसका आधारमा तपशिल बमोजिमका नागरिकहरुलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

| क.स | लाभग्राहीको नाम | ठेगाना | सहायता रकम | कैफियत |
|---|---|---|---|---|
| १ | वेदमाया गिरी | भुम्लु-१ | रु.२०,०००।- | अनुमोदन गर्ने |
| २ | मुस्कान लामा | भुम्लु-९ | रु.३०,०००।- | अनुमोदन गर्ने |
| ३ | सुकरानी तामाङ | भुम्लु-३ | रु.२०,०००।- | अनुमोदन गर्ने |
| ४ | सुमन योन्जन | भुम्लु-३ | रु.३०,०००।- | छोरा लडेर हाँत भाचिएको भनि वडाको सिफारिस प्राप्त |
| ५ | फुलमाया तामाङ | भुम्लु-३ | रु.२०,०००।- | छोरालाई आगोले पोलेको र आर्थिक अवस्था कमजोर भएको सिफारिस |

| | | | | |
|---|---|---|---|---|
| | | | | प्राप्त |
| ६ | मधुकर खड्का | भुम्लु-५ | रु.२५,०००।- | खुट्टामा काँटिले घोचेर उपचार गर्नका लागि गएको |
| ७ | पूर्ण बहादुर लामा | भुम्लु-५ | रु.२०,०००।- | विगत १ महिना देखि विर अस्पतालमा भर्ना भई उपचार भई रहेको |
| ८ | सलिना रिजाल | भुम्लु-४ | रु.३०,०००।- | टाउकोमा चोट लागेकाले अस्पताल उपचारको लागि पठाइएको |

**प्रस्ताव न. ६ः कानुनी तथा मालपोत सेवाको रकम भुक्तानी सम्बन्धमा**

निर्णय न. ६ः प्रस्ताव न. ६ माथि छलफल गर्दा यस गाउँपालिकाको मुद्धा मामिला मा कानुनी सेवा तथा परामर्श प्रदान गरे वापत कानुन व्यवसायी श्री प्राण नाथ न्यौपानेलाई रु.४०,०००।– उपलव्ध गराउने र मालपोत सेवाका लागि तहाँ कार्यालयबाट प्राप्त हुने विल भर्पाई अनुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव न. ७ : विविध

निर्णय न. ७ः प्रस्ताव न. ७ माथि निम्न विषयहरु छलफल गरियो ।

- वडा कार्यालयमा १ वटा मोटरसाइकल राख्ने र अन्य मोटरसाइकल गाउँपालिका फिर्ता गर्ने निर्णय गरियो यसका लाग वडा कार्यालयबाट सहजिकरण गर्ने निर्णय गरियो ।
- यस कार्यालयको वास्तविक सूचना प्रकाशन भएकोमा विल वमोजिमको ६० प्रतिशत र अन्य जानकारी मुलक तथा शुभकामना सूचना प्रकाशन भएकोमा १ पत्रिका वा प्रकाशनलाई अधिकतम रु.५,००० दिने निर्णय गरियो ।
- शुद्ध पिउने पानी व्यवस्थापनका लागि गाउँपालिकाको लागि दुई वटा फिल्टर (RO) व्यवस्थापन गर्ने निर्णय गरियो ।



CamScanner